मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

फोन: ०४८-५४०११२

प.सं. कृषि-२०७८/७९

## रासायनिक मल कारोबारको लागि सूचिकृत हुने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७८/१०/११

नेपाल सरकारद्वारा अनुदानमा उपलब्ध हुने रासायनिक मलहरु नगरबासी कृषकहरुलाई बिक्री वितरण गर्ने संस्थाहरु छनौट गरी "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" बमोजिम कार्यक्षेत्र निर्धारण गर्नु पर्ने भएकोले यस कार्यालयबाट इजाजत पत्र प्राप्त सहकारी/कम्पनी/फर्म तथा मन्थली नगरपालिकाभित्र कार्यक्षेत्र भएका मल कारोबारको ईजाजत प्राप्त गर्न इच्छुक संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १० दिन (मिति २०७८/१०/२० गते) भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ । म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पुरा नभएका आवेदन उपर कुनै पनि किसिमको काम कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

आवश्यक कागजातहरु:

१. सूचिकृत हुने सम्बन्धी निवेदन ।
२. संस्था दर्ता, इजाजत पत्रको प्रतिलिपि ।
३. संस्थागत निर्णयको प्रतिलिपि ।
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
५. सहकारी संस्थाको हकमा मन्थली नगरपालिकामा आ.व. २०७८/७९ मा अद्यावधिक भएको पत्रको प्रतिलिपि ।
६. विगतमा कारोबार गरेका संस्थाको हकमा मलको कारोबार विवरण र अनुभव, कार्यदक्षता, कार्य क्षमताको विवरण ।
७. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ।

थप जानकारीको लागि यस कार्यालयको कृषि विकास उपशाखा वा ०४८-५४०११२ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Email: ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com Website: www.manthalimun.gov.np

CS Scanned with CamScanner